नेपाल गजेट

भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं वैशाख ११ गते २०१४ साल

पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ४

अर्थ मालगोत मन्त्रालय-अन्तर्गत च्यारिटेबल सोसाइटी नाबालक खानालाई एकजना माष्टर शिक्षक चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फारम नं. १ (२०१०) मा आफ्नो बेहोरा स्पष्ट भरी २०१४ साल आषाढ १६ गते रोज ३ सम्मका तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मोरु १ वा त्यतिको नेपाली टिकट—अंकित दरखास्त गर्नु होला। फी दस्तुर नभएका दरखास्तउपर विचार हुनेछैन। दरखास्त फारमको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारा पनि पाइनेछ।

पदको विवरण यस प्रकार छ:—

१. पद:—माष्टर शिक्षक, स्थायी तथा पेन्सन पाउने।
२. आवश्यक न्यूनतम योग्यता:—एस. एल. सी.।
३. वाञ्छनीय योग्यता:—विशेष बेटाबेटीलाई पढाउन सक्ने।

[५]

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मासिक तलब र भत्ताः—तलब मोरु. ४०। भत्ता मोरु. १० जम्मा मो. रु. ५०।

५. कामः—बाल बालिकालाई पढाउने।

आज्ञाले-
खड्गमान मल्ल, एम्. ए.
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन.
सिंहदरबार काठमाडौं नेपाल.

पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ५

पब्लिक वर्क्स तथा संचारमन्त्रालय-अन्तर्गत नेपाल गभर्मेन्ट रेल्वे अमलेखगञ्ज डिस्पेन्सरीलाई एकजना मेडिकल अफिसर चाहिएको छ। योग्य उमेदवारहरूले म.स.क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी २०१४ साल आषाढ ५ गते रोज ३ सम्ममा तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मोरु १।५० वा त्यतिको नेपाली टिकटसहित दरखास्त गर्नु होला। दरखास्त फाराम को नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ। फी दस्तुर नभएका दरखास्तउपर विचार हुनेछैन।

पदको विवरण यस प्रकार छः-

१. पदः-मेडिकल अफिसर, स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यताः-एल्. एम्. पी.एल्. एम्. एफ्.
३. कामः-अमलेखगञ्जमा रेल्वे स्टाफ र पब्लिकसमेतलाई औषधी गर्ने।
४. मासिक तलब र भत्ताः-तलब मोरु. १४०। भत्ता मोरु. २०।
५. विशेष सुविधाः-डेरा गरी बस्न क्वार्टर पाउने।

आज्ञाले-
खड्गमान मल्ल, एम. ए.
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन.
सिंहदरबार काठमाडौं नेपाल.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ६

पब्लिक वर्क्स तथा सचारमन्त्रालय—अन्तर्गत तलका अड्डाहरूको निमित्त निम्नलिखित पदलाई तीन जना उमेदवारहरू चाहिएका छन्। योग्य उमेदवारहरूले प. स. क. फाराम नं. १ (२०१०) मा आफनो विवरण स्पष्ट खुलाई २०१४ साल आषाढ २१ गते रोज ६ सम्ममा तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मोरु १ वा त्यतिको नेपाली टिकट टाँसी दरखास्त गनु होला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढीगौंडा, गोस्वारामा पनि पाइनेछ। फीदस्तुर नभएको र म्याद नाघी आएको दरखास्तमा विचार हुनेछैन।

पदका विवरण यस प्रकार छन्:—

(क) बिजुली अड्डाको निमित्त एकजना मोटर लरी ड्राइभर।

१. पद:- ड्राभरर, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यता:—मोटरलाईसेन्स पाएका, मोटर ममत गन सक्ने।

३. मासिक तलब भत्ता:- तलब मोरु ३५ महँगी भत्ता मोरु १०।

४. काम:—मोटर हाँक्ने।

(ख) बिजुली अड्डाको निमित्त एकजना मीटर रीडर

१. पद:—मीटर रीडर, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यता:—अन्डर म्याट्रिक।

३. मासिक तलब र भत्ता:-तलब मोरु ३५। महँगी भत्ता मोरु १०।

४. काम:-ग्राहकका घरमा मीटर जाँच गर्ने र यूनिटस पढ्ने।

(ग) रोपवे विभाग १० मातातीर्थ धोरसिं ब्रान्चलाई जु. क्ल.

१. पद:-जु. क्ल स्थायी तथा पेन्सन पाइने।

१. आवश्यक न्यूनतम योग्यता:—कारिन्दा काम गर्न सक्ने।

३. मासिक तलब र भत्ता:- मासिक तलब मोरु ३५। महँगी भत्ता मोरु १०।

४. काम:- निजामती लेख पढी र रोपवाट चलान भई आएका मालसामानको स्रेस्ता गर्ने।

आज्ञाले-
खड्गमान मल्ल, एम् ए.
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन
सिंहदरबार काठमाडौं नेपाल

पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ७

शिक्षामन्त्रालय-अन्तर्गत पाटन इन्टर कलेजलाई एकजना अंग्रेजीको लेक्चरर चाहिएको छ । योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो बेहोरा स्पष्ट भरी २०१४ साल आषाढ ७ गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मारु ३। वा त्यतिको नेपाली टिकट टाँसी आवेदन गर्नुहोला । फी दस्तुर नभएका र म्याद नाघी आएका दरखास्तउपर कारवाई हुनेछैन । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा गोस्वारामा पनि पाइनेछ ।

पदको विवरण तस प्रकार छ—

१. पदः-लेक्चरर, स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यताः-अंग्रेजीमा एम. ए. पास ।
३. वांछनीय योग्यताः-पहिला वा दोश्रा श्रेणीमा पास भएकालाई प्राथमिकता दिइनेछ ।
४. मासिक तलब र भत्ताः-तलब मोरु १८०। देखि २६०। र भत्ता २० समेत जम्मा मोरु २००।

आज्ञाले-
खड्गमान सिंह, एम. ए.
सेक्रेटरी पब्लिक सर्भिस कमिशन.
सिंहदरबार काठमाडौं नेपाल.

पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ८

शिक्षामन्त्रालय-अन्तर्गत त्रिचन्द्र कलेजलाई दुइजना लेक्चरर चाहिएका छन् । योग्य उमेदवारहरूले प.स.क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो बेहोरा स्पष्ट भरी फी दस्तुर मोरु ३ । वा त्यतिको नेपाली टिकट सहित २०१४ साल आषाढ ५ गते रोज ३ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नुहोला । फी दस्तुर नभएका र म्याद नाघी आएका दरखास्तउपर विचार हुनेछैन । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पाइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदको विवरण यस प्रकार छन्:-

१. पद:-(क) जोग्राफी लेक्चरर (ख) अंग्रेजी लेक्चरर । दुवै पद स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:-(क) लाई जोग्राफीमा एम्.ए. (ख) डाई अंग्रेजीमा एम्.ए. ।

३. वांछनीय योग्यता:-दुवै पदमा पहिला वा दोश्रो श्रेणीलाई ग्राह्यता दिने ।

४. मासिक तलब र भत्ता:-दुवै पदको तलब मोरु १८० । देखि ५०० सम्म र भत्ता २० । समेत जम्मा मोरु २०० ।

आज्ञाले-
खड्गमान मल, एम्. ए.
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं नेपाल.

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर प्रेमराज, शर्मा.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।